# सामाजिक परीक्षण प्रतिवेदन

## आ.व. २०७१।७२

**जिल्ला विकास समिति,**

**प्युठान**

# जिल्ला विकास समिति, प्युठान

# सामाजिक परीक्षण प्रतिवेदन

# आ.व. २०७१।७२

**श्रीमान् स्थानिय विकास अधिकारीज्यू**

**जिल्ला विकास समितिको कार्यालय ,प्युठान**

यस जिल्ला विकास समिति, प्युठानको कार्यालय र सर्मपण कन्सल्टेन्सी प्रा.लि.काठमाण्डौं विच आ.व. २०७१।०७२ को सामाजिक परीक्षणको लागि भएको सम्झौता वमोजिम प्रस्तावमा उल्लेख भए बमोजिमको प्रकृया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. पृष्ठभूमि

सामाजिक परीक्षणको परिभाषामा समानता भेटिंदैन । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो जसबाट सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई समेत आधारमानी लेखाजोखा गर्नु पर्दछ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएकोले स्थानीय निकायहरूले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नु पर्ने प्रावधान छ ।

सामाजिक परीक्षण कार्यविधि २०६७ वमोजिमको अधिनमा रही जिल्ला विकास समिति, प्युठानको आ.व.०७१।०७२ को सामाजिक परीक्षण गरिएको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक

ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरि छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । अन्तिम प्रतिवेदनलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा समेत पेश गर्नुपर्ने प्रावधान रहेको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप जिल्ला विकास समितिको एक आर्थिक वर्षमा जिल्ला विकास समितिकै समग्र सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । यसमा जिल्ला विकास समितिलाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम तथा आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने नीतिगत व्यवस्था र संस्थागत क्षमताको लेखाजोखा गरिएको छ ।

## ३. सामाजिक परीक्षण अध्ययन विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरि सम्पन्न गरिएको थियो :

### क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- वार्षिक योजना
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रगती समिक्षा कार्यपत्र तथा प्रतिवेदनहरू

### ख) अन्तरवार्ता र समूह छलफल

जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी, योजना, अनुगमन तथा प्रशासकीय अधिकृत, सामाजिक विकास अधिकृत लगायत अन्य अधिकृत, विषयगत कार्यालयका प्रमुखहरु लगायत सरोकारवालासँग अर्धसंरचित अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नुका साथै प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल**

निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो ।

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू संकलन

## ४. अध्ययनका सिमा

जिल्लामा क्रियाशिल सम्पुर्ण बिषयगत कार्यालय लगायत विभिन्न गैह्रसरकारी संस्थाहरूलाई अध्ययनको क्षेत्रभित्र समेट्न सकिएको छैन ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : २०७२।०७।२३.

ख) स्थान : जिल्ला विकास समिति, प्युठानको सभाहल

ग) समय : विहान ११:०० बजे

## ६. स्थानीय निकाय र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरूको विवरण

कार्यबिधिको **अनुसूची २ र ३** बमोजिमको विवरण संलग्न गरिएको छ ।

## ७. सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरू

- सामाजिक परिचालनद्वारा समुह गठन, परिचालन र कार्यान्वयन ।
- जिल्लाको कृषिको गुणस्तर तथा उत्पादकत्वमा वृद्धि भएको ।
- ग्रामिण सडक क्षेत्र विस्तार तथा मर्मत ।
- खानेपानी तथा सरसफाईमा सुधार ।
- न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरू पुरा गर्न सफल ।
- विद्यालयहरूको भौतिक निर्माण तथा भौतिक पूर्वाधार विस्तारमा सहयोग गर्न सफल ।
- आर्थिक तथा सामाजिक रुपले पछाडी परेका वर्गको सकृय सहभागिता बढेको ।
- संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार आएको ।
- क्रमागत तथा अपुरा योजनाहरूलाई पूरा गर्ने निति लिएको ।
- उपभोक्ता समितिलाई पेश्की दिन बन्द गरिएको ।
- आन्तरिक कोष तर्फका योजनाहरु समेत आ.व. को अन्त्यमा सम्पन्न हुन नसकेमा फ्रिज गरिने परम्पराको थालनी ।
- लागत साझेदारीलाई प्राथमिकता दिईएको ।

## ८. सामाजिक परिक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरू

सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरू निम्नबमोजिम छन् ।

### क) जिल्ला विकास समिति

- जिल्ला विकास समितिको आन्तरिक कोषतर्फ बजेटको कमिले गर्दा जिल्ला परिषदबाट स्वीकृत योजनाहरू सबै सञ्चालन  हुन नसकेको ।

- लक्षितवर्गका कार्यक्रममा कार्यकारणी निकाय जिल्ला विकास समितिको भुमिका प्रभावकारी बन्न नसक्दा अपेक्षित प्रतिफल हासिल हुन नसकेको ।
- जिल्लाको फोहरमैला तथा वातावरण व्यवस्थापनमा जिल्लाबासीहरुको सक्रियतामा अपेक्षित सुधार नदेखिएको ।
- आवश्यकिय समन्वय, सहकार्य तथा सक्रियताका अभावमा हालसम्म पनि जिल्ला विकास समिति पुर्ण सरसफाईयुक्त जिल्ला घोषणा हुन नसकेको ।
- टुके योजना सङ्ख्या धेरै रहेकाले कार्यान्वयन गरे पनि राम्रो प्रतिफल प्राप्त हुन नसकेको ।
- उपभोक्ता समितिले प्रचलित ऐन, कानून बमोजिम जनश्रमदान नगरेको ।
- सम्पुर्ण उपभोक्ता समितिलाई कार्य संचालन अगाडी नै तालिम प्रदान नगरिएको ।
- जिल्ला विकास समितिको संस्थागत क्षमतामा अपेक्षित सुधार हुन नसकेको ।
- निर्वाचित पदाधिकारी नहुँदा विकास निर्माण तथा सामाजिक परिचालनमा कठिनाई रहेको ।
- विशेष गरी गै.स.स.संग समन्वय र सहकार्य हुन नसकेको ।
- टुके योजना सङ्ख्या धेरै रहेकाले प्रभावकारी अनुगमनको व्यवस्था हुन नसकेको ।

**ख) विषयगत कार्यालय**

**महिला तथा वालबालिका कार्यालयतर्फ**

- साधन स्रोत र कर्मचारी सहितको लैगिंक हिसां निवारण डेस्क कार्यालयमा नहुदा समस्या
- महिला सहकारी संस्थालाई नाफामुखी रुपमा हेरी सहयोग नदिनु ।
- श्रोत साधनको कमीले गर्दा अनुगमन लगायत अन्य कार्य प्रभाबकारी हुन नसकेको ।
- साझेदार संस्थाहरूबाट एकिकृत रुपमा कार्यक्रम संचालन हुन नसक्नु ।
- कार्यक्रममा दोहोरोपना यथावत हुनु ।
- संस्था दर्ताका लागि वजेटको व्यवस्था नहुनु ।
- कार्यक्रम सञ्चालनका लागि कार्यक्रम तथा बजेट ढिलोगरी आउनु ।

- कार्यालयमा पर्याप्त जनशक्ति नहुनु तथा सरोकारवाला निकायसंगको समन्वयमा कठिनाई ।
- राष्ट्रिय गायकहरुवाट आफना गीतका वोलहरुमा महिला हिसां निम्त्याउने शव्दहरु प्रयोग भएकोले महिला र किशोरीमा समस्या ।

**जिल्ला शिक्षा कार्यालयतर्फ**

- जिल्लाको आवश्यकता अनुसार कार्यक्रमको प्राथमिकता नभएको ।
- कार्यक्रमको अख्तियारी ढिलो प्राप्त हुने ।
- कार्यक्रममा बजेटको व्यवस्था अपुग हुने ।

**जिल्ला स्वास्थ्य कार्यालयतर्फ**

- समयमा कार्यक्रम प्राप्त नुहुन ।
- समयमा बजेट निकासा नहुनु ।
- अपर्याप्त बजेट विनियोजन ।
- कर्मचारी अभाव ।
- जिल्लाको आवश्यकता अनुसार कार्यक्रम नआउनु ।

## ९. सामाजिक जिम्मेवारी पुरागर्न स्थानिय निकायले चाल्नुपर्ने कदम वा सुझावहरू

### क) जिल्ला विकास समिति

- जिल्ला विकास समितिको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषयमा जिल्ला परिषद पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने ।
- जिल्लाको वार्षिक योजना तथा नितिहरू तयार गर्दा राष्ट्रिय निति र जिल्लाको आवाधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरूलाई ध्यान पुचाउनु पर्ने ।

- भौतिक पूर्वाधार लगायत रोजगारमूलक र गरिबी निवारण लक्षित योजनाहरू समावेश हुनुपर्ने ।
- व्यक्ति विषेश लक्षितजस्ता देखिने साना तथा टुके योजना छनौट गर्ने प्रवृति विद्यमान प्रचलित कानुनको प्रतिकुल हुने तथा समग्र प्रतिफल समेत नकारात्मक हुनेहुदाँ त्यस किसिमका योजना छनौट नगर्ने ।
- कार्यक्रम तथा आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन तथा थप प्राविधिक सहयोग उपलब्ध गराउन नियमित अनुगमन तथा निरीक्षणको व्यवस्था गर्ने, अनुगमन तथा मुल्यांकन प्रणालीलाई यथार्थ र वस्तुनिष्ठ बनाउन सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गर्नुपर्ने ।
- जिल्लाको वार्षिक कार्यक्रम तथा बजेट आर्थिक वर्षको शुरुमै विभिन्न संचार माध्यमबाट सार्वजनिक गर्ने र सरोकारवालाहरूवीच जानकारी गराउनु पर्ने ।
- जिल्लाको आन्तरिक आय वृद्धि गर्न आन्तरीक आयका सम्भावित स्रोतको खोजी गरी सुब्यवस्थित तुल्याउनका लागि आवश्यक पहल गर्नुपर्ने ।
- जिल्ला शिक्षा कार्यालय, स्थानीय निकाय, बिषयगत कार्यालयहरू र गैर सरकारी संस्था समेतको पहलमा भर्ना हुन नसकेका र शिक्षाको पहुँच नपुगेका बालबालिकालाई विद्यालय भर्ना गरी जिल्ला विकास समितिलाई सत प्रतिशत विद्यालय भर्नाको सुचीमा राख्नका लागि विशेष कार्यक्रम तय गर्नुपर्ने ।
- राजनीतिक दल, पेशागत संघसंगठन, गैर सरकारी संघसंस्था समेतको सञ्जाल तयार गरी जिल्ला विकासको साझा रणनीति पहिचान गरी कार्यान्वयन गर्ने ।
- जिल्लालाई पुर्ण सरसफाईयुक्त जिल्ला बनाउन फोहोरमैला ब्यबस्थापनलाई प्रभावकारी बनाउदै सामुदायिक स्वास्थ्यको अवधारणालाई आत्मसात् गर्ने कार्यक्रमहरु तय गर्नुपर्ने ।

- उपभोक्ता समितिबाट संचालित योजना तथा कार्यक्रममा लागत सहभागितालाई सुनिश्चित गर्न लागत सहभागिता जुटाउन नसक्ने उपभोक्ता समितिका पदाधिकारीहरुलाई कानुन बमोजिम कारबाही गर्ने कार्यमा तदारुकता देखाउनु पर्ने ।

**ख) विषयगत कार्यालय**

**महिला तथा वालबालिका तर्फ**

- महिलाहरुको अत्याधिक कार्यबोझ घटाउनका लागी सामाजिक एवं राजनैतिक जागरणका क्रियाकलापहरु संचालन गरिनुपर्ने ।
- सामाजिक परिचालन जस्तै समूह,समिति गठन, बचत परिचालन लगायतका कार्यक्रमको दोहोरोपना हटाउनु पर्ने ।
- मानवीय स्रोत तथा अन्य भौतिक स्रोत साधनको कमीलाई हटाई कार्यक्रम कार्यान्वयन तथा कार्यक्रम निरन्तरतामा रहेको समस्या हटाउनु पर्ने ।
- महिला केन्द्रीत कार्यक्रमहरुमा पुरुषजनको अपेक्षित सहयोग र सहभागिता हासिल गर्नु पर्ने ।
- ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि पर्याप्त कार्यक्रम तथा बजेट उपलब्ध गराउनु पर्ने ।
- महिला हिंसा तथा बालविवाहका घटनाहरुमा रहेका हस्तक्षेप (सामाजिक, राजनैतिक, पारिवारिक) हटाउनु पर्ने ।
- महिला विकास कार्यक्रम अन्तर्गत गठन भएका निगरानी समूहहरुलाई पर्याप्त तालिम को ब्यवस्था गरिनु पर्ने ।
- सेवा केन्द्र सञ्चालन मार्गदर्शनको पर्याप्त ब्यवस्था गरिनु पर्ने ।

**जिल्ला शिक्षा कार्यालयतर्फ**

- जिल्ला शिक्षा योजना तयार गर्ने ।
- अख्तियारी चौमासिक कार्यक्रम अनुसार सुरुमै उपलब्ध हुनुपर्ने ।
- नपुग रकमको समयमै व्यवस्था हुनुपर्ने ।

**जिल्ला स्वास्थ्य कार्यालयतर्फः**

- नयाँ आर्थिक वर्ष शुरु भएको एक महिना भित्र कार्यक्रम तथा अख्तियारी प्राप्त हुनु पर्ने ।
- दरबन्दी अनुसारको कर्मचारी उपलब्ध हुनु पर्ने ।
- दातृ निकायबाट प्राप्त हुने बजेट तोकिएको समयमा निकासा गर्ने व्यवस्था मिलाउने ।
- जिल्लाको आवश्यकता अनुसार प्रस्तावित कार्यक्रम केन्द्रबाट स्वीकृत भएर आउने प्रणालीको विकास गर्नु पर्ने ।

**१०. जिल्ला विकास समिति, प्युठान लाई माथी उल्लेखित सुझाव बाहेक निम्नानुसार थप नीति लिन तथा सोही अनुसार योजना तय गर्न सुझाव दिन चाहान्छौं ।**

- जिल्लाको समग्र विकासको लागि राष्ट्रिय योजना, आवधिक जिल्ला विकास आवधिक योजना, जिल्ला यातायात गुरु योजना, क्षमता विकास योजना, गरिवमुखी नीति, विपन्न वर्ग नक्साङ्कन, गरिबी नक्साङ्कन लगायत नेपाल सरकारको विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रमले निर्दिष्ट गरेको पक्षलाई प्राथमिकता दिने ।
- अल्पकालिन तथा टुके योजनाहरुलाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिने ।
- जिल्ला विकास समितिको स्थानीय सहभागितामा राजस्व सम्भावना तथा पहिचान गरी तदअनुसार आयश्रोत बृद्धि गर्ने ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.संग समन्वय र सहकार्य गरी थप श्रोत परिचालनको पहल गर्ने र कार्यक्रममा दोहोरोपन हटाउन नियमित अनुगमन गर्ने ।
- जिल्ला विकास समितिको आन्तरिक सूचना प्रणालीलाई सुधार गर्नुको साथै E-Goverance को नीतिलाई अवलम्वन गर्नु पर्ने ।
- पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र सम्वर्द्धन लगायत कला सस्कृतिको जर्गेना गर्ने ।
- कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार तथा सजाय गर्ने र उत्कृष्ट र दीर्घसेवी कर्मचारीलाई पुरस्कृत र सम्मान गर्ने ।
- वातावरण संरक्षण, कृषि विकास, पशु सेवा, महिला तथा बालबालिका, जनस्वास्थ सम्वन्धी कार्यक्रम साझेदारीमा संचालन गर्ने ।
- कर्मचारीहरुका लागि क्षमता विकासका तालिम लगायत अन्तर जिल्लामा भए गरेका सिप र प्रयासलाई सिकाईको रुपमा लिई दक्षता बृद्धि गराउनु पर्ने ।
- भविष्यमा योजना तर्जुमा गर्दा जिल्ला को विकास सुंचाकलाई आधार मानी योजना छनौट तथा तर्जुमा गर्नु पर्ने ।
- समग्र रुपमा सवैको एउटै लक्ष्य विकास र गरिवी न्यूनीकरण भएकाले राजनीतिक दलवाट प्रतिबद्धता जाहेर र कर्मचारीहरुवाट असल शासन पद्धतीलाई आत्मसात गर्नुपर्ने ।

अनुसूची- २

(बुदा १०.३ सँग सम्वन्धित)

# १ जिल्ला विकास समिति, प्युठानको संक्षिप्त परिचय

## १.१ भौगोलिक अवस्था

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने प्यूठान एक पहाडी जिल्ला हो । यस जिल्लाको दक्षिण भाग चौडा र पूर्वी तथा पश्चिमी भागबाट सागुरिदै गएर उत्तर तर्फ झन साँघुरिएको छ । यस जिल्लाको पूर्वमा अर्घाखाँची र गुल्मी, पश्चिममा रोल्पा र दाङ, उत्तरमा बाग्लुङ र रोल्पा तथा दक्षिणमा अर्घाखाँची र दाङ जिल्ला पर्दछन् ।

प्यूठान जिल्ला एक पहाडी जिल्ला तथा भौगोलिक संरचना विषम खालको भएकोले यहाँको हावापानी पनि भिन्दा भिन्दै खालको छ । तराईको हावापानी संग मिल्ने खालको बांगेसाल गा.वि.स. देखि लिएर उच्च पहाडी भेगसँग मिल्ने हावापानी भएको स्याउलीवाङ गा.वि.स. पनि यसै जिल्लामा पर्दछन् ।

यस जिल्लाको मध्य भागबाट बहने दुई ठुला नदीहरु झिम्रुक र माडी नदीहरु मध्ये माडी नदी गहिरेर गएको कारण यस नदीको योगदान प्यूठानी कृषकहरु माझ खासै देखिदैन भने झिम्रुक नदीले आफ्नो दुवै किनार तर्फ समथर मलिला फाँटहरु निर्माण गर्दै ति फाँटहरुलाई सिंचाई दिदै उत्पादनमा ठुलो टेवा पुऱ्याएकोले प्यूठानी कृषकहरु माझ यो नदी वरदान सावित भएको छ । त्यसैले झिमरुक नदीलाइ धर्मावती नदी पनि भनिन्छ । दुवै किनार तर्फका समथर मलिला फाँटहरुले तराइलाई नै बिर्साएको छ । त्यति मात्र नभएर १२ मेघावाट विद्युत पनि यहि नदीबाट उत्पादन भएको छ ।

**प्यूठान जिल्लाको भौगोलिक अवस्थिती**

| | |
|---|---|
| देशान्तर | : ८२°३०" देखि ८३° पूर्वी देशान्तर |
| अक्षाशं | : २७°५५' देखि २८°२५' उत्तरी अक्षाशं |
| जिल्लाको कुल क्षेत्रफल | : १३०९ बर्ग कि.मि. |
| उचाई समुन्द्र सतह देखिको अधिकतम उचाई | : ३६५९ मी. |

| | |
|---|---|
| उचाई समुन्द्र सतह देखिका न्यूनत्तम उचाई | : ३०५ मी. |
| सदरमुकाम उचाई | : १२८० मी. |

**प्यूठान जिल्लाको प्रशासनिक विभाजन**

| | |
|---|---|
| क्षेत्र | : मध्य पश्चिमाञ्चल |
| अञ्चल | : राप्ती |
| जिल्ला | : प्यूठान |
| सदरमुकाम | : खलंगा |
| निर्वाचन क्षेत्र | : २ |
| इलाका | : ११ |
| नगरपालिका | : १ |
| गा.वि.स. | : ४२ |

**जिल्लाको जनसंख्या विवरण**

| | |
|---|---|
| जम्मा जनसंख्या | :२२८१०२ |
| महिलाको संख्या | :१२८०४९ (५६.१३ प्रतिशत) |
| पुरुषको संख्या | :१०००५३ (४३.८७ प्रतिशत) |
| जम्मा परिवार संख्या | :४७७३० |
| औषत परिवार संख्या | :४.७८ |
| वार्षिक जनसंख्या वृद्धि दर | : १.९१ प्रतिशत |

**प्यूठान जिल्लाको हावापानीको अवस्था**

| | |
|---|---|
| हावापानी | : उष्ण, समशितोष्ण र शित |
| वार्षिक वर्षा सरदर | : १३०० मी.मी. |

अधिकतम : ३२.५ डिग्री सेल्सियस(बि.सं २०६७ जेष्ठमा )

न्यूनतम : ११.८ डिग्री सेल्सियस

प्यूठान स्वास्थ्यका दृष्टीकोणले उपयुक्त हावापानी रहेको मानिन्छ ।

**प्रमुख बजार क्षेत्रहरु :**

खलंगा, विजुवार, बाग्दुला, दाखाक्वाडी, मच्छी, भिंग्री, देवीस्थान, बहाने, बरौला, बड्डाँडा, दरभान ठूलाबेशी, चुँजाठाटी, खरीबोट आदी ।

**उद्योगको लागी सम्भावित क्षेत्रहरु :**

विजुवार, धर्मावती, ओखरकोट, मरन्ठाना, भिंग्री, ढुंगेगढी ,मर्कावाङ ,स्याउलीवाङ गा.वि.स.हरु ।

**व्यापारिक महत्वका स्थानहरु :**

खलंगा, विजुवार, बाग्दुला, चकचके, भिगृं, देविस्थान, बरौला, मच्छी, ठुलाबेसी, वहाने, चेरनेटा, वड्डाँडा, दरभान, जुम्री आदी ।

**भू-उपयोगको अवस्था** :

| | |
|---|---|
| जिल्लाको कुल क्षेत्रफल | :१,३०९ बर्ग कि.मि. |
| खेतियोग्य जमिन | :४२,७६६ हेक्टर(३२.१८ प्रतिशत ) |
| कुल खेती गरीएको क्षेत्र | :२२,१०० हेक्टर (खेतियोग्यको ५१.६७प्रतिशत |
| खेती अयोग्य जमिन | :१४,८९० हेक्टर (११.२० प्रतिशत ) |
| चरन पर्ति / ऐलानी | :१२,८९९ हेक्टर (९.७१ प्रतिशत ) |
| बन क्षेत्रफल | :७२,६९४ हेक्टर (५४.७० प्रतिशत ) |
| अन्य | :४,२३६ हेक्टर |
| पाखो जग्गा | :७०.४१ प्रतिशत |
| खेत | :२९.५९ प्रतिशत |

## २. स्थानीय निकायको दूरदृष्टि, उद्धेश्य तथा प्राथमिकताहरु

### क) दूर दृटि

*"उच्चमूल्यका वाली तथा पर्यटन प्रवर्द्धन प्यूठानी जनताको जीवनमा गुणात्मक परिवर्तन"*

### ख) उद्देश्य (Purpose)

- जिल्लाका विद्यमान समस्या, चुनौती तथा अवसरहरुको विश्लेषण गरी जिल्ला विकासको गतिलाई निर्देशित गर्ने ।
- जिल्लाका विभिन्न विषयगत क्षेत्रमा रहेका समस्या तथा आवश्यकताहरुलाई एकीकृतरुपमा संबोधन गर्ने गरी योजना तर्जुमा गर्ने ।
- जिल्ला विकासका लागि आवश्यक पर्ने दीर्घकालिन लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धिहरु निर्धारण गरी सोही बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।
- जिल्ला विकासका लागि राजनीतिक दलहरु, विषयगत निकायहरु, गैर सरकारी संस्थाहरु, निजी क्षेत्र, नागरिक समाज, दातृ निकायहरु साथै अन्य सरोकारवालाहरुको सहभागितामा जिल्ला विकासको आवधिक योजना तर्जुमा गर्ने ।

### ग) प्राथमिकता

| क्र.सं. | विषयगत क्षेत्र | प्राथमिकताक्रम |
|---|---|---|
| १ | कृषि/पशु सेवा तथा सहकारी | १ |
| २ | पर्यटन/उद्योग वाणिज्य | २ |
| ३ | सिंचाई | १ |
| ४ | दैवि प्रकोप व्यवस्थापन | १ |
| ५ | शिक्षा | ३ |
| ६ | सडक तथा यातायात | ४ |
| ७ | खानेपानी तथा सरसफाई | ५ |

| | | |
|---|---|---|
| ८ | स्वास्थ्य तथा जनसंख्या | ५ |
| ९ | लक्षित वर्ग/समावेशी विकास | ६ |
| १० | उर्जा/जलस्रोत | ७ |
| ११ | वन वातावरण | ८ |
| १२ | संस्थागत विकास | ९ |
| १३ | जल उत्पन्न प्रकोप तथा नदी नियन्त्रण | १० |
| १४ | शहरी विकास तथा आवास | ११ |
| १५ | यूवा खेलकुद तथा सँस्कृति | १२ |
| १६ | संचार | १३ |
| १७ | खानी तथा भूगर्भ | १४ |

## ३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू

- आ.व. २०७१।०७२ को नीति, कार्यक्रम तथा वजेट यथा समयमा सार्वजनिक
- ६०.१३ कि.मि. सडक ग्राभेल,
- ९२.६२ कि.मि. ग्रामीण सडकको स्तरोन्नती,
- ३.२५ कि.मि. सडकको नयाँ ट्र्याक निर्माण,
- १७ वटा खानेपानी योजना सम्पन्न,
- १० वटा झो.पु. निर्माण,
- ३ वटा भवन निर्माण,
- १० कि.मि. विद्युत लाइन विस्तार
- ५ वटा आकासे पानी घैटो निर्माण,
- २ वटा सडक पुल निमाण प्रारम्भ,
- २७ वटा पक्कि कुलो निर्माण,
- ३ पटकसार्वजनिक सुनुवाइ,

- १ पटक सामाजिक परिक्षण,
- १४१ जनालाई शिप मुलक तालिम,
- २०८ जनालाई चेतनामुलक कार्यक्रम साथ जिविसका कर्मचारी, गाविस सचिव तथा उपभोक्ताहरुको क्षमता विकासको कार्य सम्पन्न
- सामाजिक सुरक्षा कार्यक्रमबाट प्यूठान जिल्लाका एकल महिला, जेष्ठ नागरिक, अपाङ्ग, दलित बालबालिका गरी २४ हजार २ सय ९६ जनालाई रु. ९ करोड ९३ लाख ८१ हजार सामाजिक सुरक्षा भत्ता वितरण
- २७ हजार ८१ जनाले व्यक्तिगत घटना दर्ता गरेका
- प्यूठान जिविसको पेश्की तथा बेरुजु कुल ३ करोड ५२ लाख २८ हजार रहेकोमा सो बेरुजु मध्ये १ करोड ७४ लाख ८२ हजार फछ्यौट भई पेश्की तथा बेरुजु फछ्यौट ५० प्रतिशत रहेको
- कुल विनियोजित बजेट रकम रु. ५१ करोड २९ लाख ६६ हजार मध्ये ४७ करोड ७२ लाख १० हजार खर्च भएको जुन रकम कुल विनियोजित बजेटको ९३.०२ प्रतिशत हुन आउँछ

## ४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू

| क.सं. | घोषित प्रमुख कार्यक्रमहरु | कार्यान्वयनको अवस्था | मुख्य प्रयासहरु | उपलब्धी |
|---|---|---|---|---|
| १) | मुख्य सडकहरुमा मात्र जिल्ला विकास समितिले कार्य गर्ने गरी जिल्ला सडक गुरुयोजनाका आधारमा सडक छनौट, सडक मर्मत सम्भार कोषको ब्यबस्था, निर्माणाधिन सडकमा बायो इन्जिनियरिङ, र निर्माण गरिएको सडकलाई बाह्रै महिना संचालन हुने ब्यबस्था गरिदै लैजाने । | सन्तोषजनक | • जिल्ला यातायात गुरुयोजनाका आधारमा छनौट गरीएका सडकहरु निर्माण, मर्मत गर्ने कार्यक्रम वनाई कर्यान्वयनमा गरिएको<br>• **DCRN** मा नजोडिएका २ गाविस गाविस जोडने सडक-धरमपानी कोचिवाङ्ग र बाहाने खवाङ्ग स्याउलिवाङ्ग सडकलाई विशेष महत्वका साथ कार्यारम्भ भएको ।<br>• विजुवार-खलंगा जोडने झिमरुक नदिमा पक्कि पुल तथा बाहाने-लुङको लुङखोलामा र बरौला-विजुली जोडने चुकाहामा पक्कि पुलको निर्माण कार्य सम्पन्न हुने क्रममा रहेका । | सर्वसाधारण जनतालाई आवागमनमा सहजता |

| | | | | |
|---|---|---|---|---|
| २) | आवधिक योजनाको प्रमुख उद्देश्यका रुपमा रहेको पर्यटन क्षेत्रको विकासका लक्ष्यलाई पुरा गर्न ति क्षेत्रहरुको पुर्वाधार विकासमा जोड दिइने । | सन्तोषजनक | • धार्मिक एवं पर्यटकिय क्षेत्र स्वर्गद्वारीको सिढि निर्माण, भिंग्री-स्वर्गद्वारी सडकको स्तरोन्नती, स्वर्गद्वारी धर्मशाला निर्माण लगाएतका कार्यहरुलाई निरन्तरता | धार्मिक पर्यटन प्रर्वद्धनमा सहयोग |
| ३) | इलाका स्तरिय योजना तर्जुमा गोष्ठीबाट प्राथमिकता निर्धारण भै आएका झो.पु. हरुको संभाव्यता अध्ययन गरी क्रमशः निर्माण गर्ने । | उत्साहजनक | • गत आर्थिक बर्षमा शुरु गरिएका ६ वटा झो.पु.यस बर्ष सम्पन्न गरिएका र १ झो.पु.को मर्मत गरिएको | ३२५३६ जनसंख्या लाभान्वित |
| ४) | प्यूठान जिल्लाका नगर उन्मुख गाविसहरुमा शहरी विकास मापदण्डहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउदै शहरी विकास मापदण्डहरु लागु गर्न गाविसलाई क्रियाशिल तुल्याउने । | सामान्य | • ब्यबस्थित शहरी विकासका लागि आगामी बर्षका लागी खलंगा शहरी विकास गुरु योजना, विजुवार-धर्मावती शहरी विकास गुरुयोजना र विजयनगर वस्ति विकास कार्यक्रम प्रस्ताव | ब्यवस्थित शहरी विकास तर्फको जागरुकता उत्पन्न |
| ५) | सन् २०१७ सम्ममा सरसफाईको आनीबानीमा पूर्णता, प्यूठानबासीको | उत्साहजनक | • खानेपानी सुविधा नपुग भएका समुदायका लागि लक्षित गरी जिल्लामा | प्रत्यक्ष रुपमा १५१८१ र अप्रत्यक्ष रुपमा |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिबद्धता" भन्ने मुल नाराका साथ पूर्ण सरसफाई अभियान संचालन गरी सन् २०१७ सम्ममा नेपालको पहिलो पूर्ण सरसफाईयुक्त जिल्ला वनाउने लक्ष्यका साथ सतप्रतिशत घरधुरीमा खानेपानी तथा सरसफाईको पहुँच पुऱ्याउने | | खानेपानीको सुविधा पुऱ्याउने अभियान अन्तर्गत १८ वटा खानेपानी योजनाहरु कार्यान्वयन गरिएको । चार वटा योजनाको मर्मत गरिएको ।<br>• १२० वटा टंकी/घैटो निर्माण ।<br>• ५३ वटा सरसफाईमुलक कार्यक्रम सम्पन्न । | ५९५ जनसंख्या लाभान्वित |
| ६) | विकासको मूल प्रबाहबाट पछाडि पारिएका लक्षित वर्गका लागि छुट्टाइएको रकमलाई वितरणमुखि नभई लगानीमुखि बनाउने | सन्तोषजनक | • विभिन्न १४ वटा तालिम तथा प्रशिक्षण संचालन<br>• महिला सहकारी भवन, प्रशुति गृह भवन जस्ता लक्षित वर्गका लागी भौतिक पुर्वाधार निर्माण | • लक्षित वर्गको क्षेत्रमा गरिएको लगानीबाट महिला शसक्तिकरण, बालबालिकाको संरक्षण, लक्षित बर्गको सहभागितामा बृद्धि, नेतृत्व विकास लगायतका विषयमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | २७८ जना प्रत्यक्ष रुपमा लाभान्वित |
| ७) | बालबालिकाको क्षेत्रमा सेभ द चिल्ड्रेनको सहयोगमा बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गरिने । | उत्साहजनक | • वालमैत्री स्थानिय शासन सम्बन्धी ३ वटा, वाल क्लवको संस्थागत विकास सम्बन्धी १ वटा, द्वन्द पिडित सम्बन्धी ९ वटा कार्यक्रम सचालन , ५वटा बालविकास केन्द्र निर्माण, बालमैत्री प्रशिक्षक प्रशिक्षण र जिल्ला स्तरीय अनुशिक्षण सम्पन्न, जिल्लालाई बालमैत्री जिल्ला बनाउने प्रतिबद्धता तथा बाल भेला सम्पन्न, | • प्रत्यक्ष रुपमा ८४३ र अप्रत्यक्ष रुपमा कयौं वालवालिका वाल अधिकार तथा अन्य विषयमा लाभान्वित |
| ८) | विद्यालयलाई शान्ती क्षेत्र बनाउदै विद्यालयको भौतिक सुविधा विस्तार, विद्यालयमा स्वास्थ्य, सरसफाई तथा पोषण, क्षमता विकास, अभिभावक सचेतना बृद्धि, सरोकारवालाको दक्षता विकास, निरन्तर विद्यार्थि मुल्यांकन तथा शैक्षिक ब्यबस्थापनलाई सुशासनमैत्री | सामान्य | • ११ वटा विद्यालयसँग सम्बन्धित अन्य पुर्वाधार र ९ वटा विद्यालय भवन तथा कक्षाकोठा निर्माण | • ५०२८ जना बालवालिका प्रत्यक्ष रुपमा लाभान्वित |

| | | | | |
|---|---|---|---|---|
| | तुल्याइने | | | |
| ९) | स्वास्थ्य क्षेत्र विकासको लागि जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला आर्यूवेद स्वास्थ्य केन्द्र मार्फत विभिन्न कार्यक्रमहरु संचालन गर्ने । | उत्साहजनक | • जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला आर्यूवेद स्वास्थ्य केन्द्र मार्फत विभिन्न उपचारात्मक एवं निरोधात्मक कार्यक्रमहरु निरन्तर रुपमा संचालन । | • जनचेतना अभिवृद्धि तथा जनस्वास्थ्यमा सुधार |
| १०) | जिल्लाको आवधिक योजनामा मुख्य प्राथमिकतामा रहेको कृषि क्षेत्रको विकासलाई केन्द्र विन्दुमा राखि कृषि पेशालाई मर्यादित, ब्यबसायिक र आयमुलक वनाउन र युवा जनशक्तिलाई कृषि पेशा तर्फ आकर्षित गर्ने । | सन्तोषजनक | • उन्नत विउ, नश्ल सुधार, पशु विमा, कृषि अनुदान जस्ता कार्यक्रमलाई निरन्तरता<br>• पशुफर्म तथा ब्यवसायिक खेतिमा अनुदान | • कृषि पेशालाई मर्यादित, ब्यबसायिक र आयमुलक हुदै जादाँ युवा जनशक्ति कृषि पेशा तर्फ आकर्षित |
| ११) | घरेलु तथा साना उद्योग तर्फ माग र आवश्यकताका आधारमा स्वरोजगारमूलक ब्यबसाय संचालन सम्वन्धी तालिम कार्यक्रमलाई प्राथमिकता दिने । | सामान्य | • आयमुलक तथा सिपमुलक विभिन्न कार्यक्रमहरु संचालन<br>• आर्थिक तथा प्राविधिक सहयोग प्रदान | • स्वरोजगारमूलक ब्यबसाय संचालनमा वृद्धि |

| | | | | |
|---|---|---|---|---|
| १२) | दिगो विकासको अवधारणा अनुसार पूर्वाधार विकासको साथसाथै समाजमा पछाडि परेका बर्गको शसक्तिकरण गर्दै सामाजिक परिचालनको माधयमबाट गरीवि न्यूनिकरण गर्ने । | सन्तोषजनक | • सिप विकास तथा क्षमता अभिवृद्धि तालिम प्रदान<br>• समुह ब्यस्थापन तालिम संचालन<br>• गोरेटो बाटो, कुलो तथा लघु योजना संचालन<br>• सामाजिक समावेशीकरण तथा सहभागिताको सुनिश्चिततामा जोड | • गरीवि न्यूनिकरणमा सहयोग पुगेको |
| १३) | वन ब्यबस्थापन, बातावरण संरक्षण तथा जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम न्यूनिकरण गर्ने । | सन्तोषजनक | • हाइब्रिड सोलार जडानको कार्य प्रारम्भ<br>• बातावरण संरक्षण तथा जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन<br>• सुधारिएको चुलो सम्बन्धी तालिम संचालन<br>• उर्जा तथा जलवायु परिवर्तन जिल्ला समन्वय समिति गठन । | • वन तथा वातावरण संरक्षणमा सहयोग एवं वैकल्पिक उर्जाको प्रयोगमा वृद्धि |
| १४) | आवधिक जिल्ला विकास योजनाको मध्यावधि समिक्षा एवं आवधिक जिल्ला | उत्साहजनक | • चालु मध्यावधि समिक्षा गरी आवधिक आगामी जिल्ला विकास योजनालाई | • जिल्ला विकासको नीतिगत ब्यवस्थामा |

| | | | | |
|---|---|---|---|---|
| | विकास योजना तर्जुमा गर्न सहयोग गर्ने । | | दिशा निर्देश गर्ने कार्य सम्पन्न | सुधार |
| १५) | विद्युतिकरण लाइन पुग्न कम्तिमा ५ बर्ष लाग्ने स्थानहरुमा लघु जलविद्युत तथा शौर्य उर्जा मार्फत विद्युतिकरण गर्न प्राथमिकता दिने । | | • लघु जलविद्युत आयोजनाको लगानीमा वृद्धि<br>• शौर्य उर्जा जडानमा अनुदान तथा प्राविधिक सहयोग | • ग्रामिण विद्युतिकरणमा वृद्धि |
| १६) | निश्चित सूचकको तयार गरी कार्यसम्पादन मूल्यांकनका आधारमा राम्रो काम गर्ने गा.वि.स.लाई पुरस्कृत गर्ने ब्यबस्था लाई निरन्तरता दिइने । | उत्साहजनक | • कार्यसम्पादन मूल्यांकनका आधारमा राम्रो काम गर्ने मर्कवाङ्ग गा.वि.स.लाई प्रशंसा पत्र सहित रु. ५० हजार नगद पुरस्कार प्रदान | राम्रो काम गर्ने उत्प्रेरणा तथा प्रतिस्पर्धामक भावनामा वृद्धि |
| १७) | स्थानीय निकायहरुको संस्थागत विकास गर्नका लागि जिल्ला विकास समितिको संगठन विकास अध्ययन यसै बर्ष गरि सेवा प्रबाहलाई प्रभावकारी बनाउन संगठन संरचनामा आवश्यक परिवर्तन गरि कर्मचारीको बृत्ति विकासको दायरालाई फराकिलो बनाइ जिम्मेवारी बोध गराइने । | उत्साहजनक | • संगठनात्मक क्षमता विकास अध्ययन प्रतिवेदनको तयारी<br>• जि.वि. स.का कर्मचारीका लागी सकरात्मक सोच सम्बन्धी तालिम प्रदान<br>• राजश्व परिचालन तथा ब्यवस्थापन तालिम प्रदान | सेवा प्रबाहलाई प्रभावकारी बनाउन संगठन संरचनामा आवश्यक परिवर्तन गरि कर्मचारीको बृत्ति विकासको दायरा फराकिलो भएको |
| १८) | विगत वर्ष देखि S.L.C. परिक्षामा प्रथम | उत्साहजनक | • S.L.C. परिक्षामा प्रथम छात्र/छात्रा, | प्रतिस्पर्धामक भावना |

| | | | | |
|---|---|---|---|---|
| | छात्र/छात्रा, पत्रकार, कर्मचारी, गा.वि.स.लाई सम्मान एवं पुरस्कृत गर्ने, उत्कृष्ट काम गर्ने बिषयगत कार्यालय, दातृ सस्था, गैरसरकारी संस्था, उपभोक्ता समितिलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइने । | | पत्रकार, कर्मचारी, गा.वि.स.लाई सम्मान एवं पुरस्कृत गर्ने, उत्कृष्ट काम गर्ने बिषयगत कार्यालय, दातृ सस्था, गैरसरकारी संस्था, उपभोक्ता समितिलाई पुरस्कृत गर्ने कार्य सम्पन्न | तथा क्षमता अभिवृद्धि |
| १९) | सामुदायिक सिंचाई आयोजना, साना सिंचाइ तथा सहकारी कार्यक्रमहरु संचालन गरिने । | उत्साहजनक | • विभिन्न सिचाई आयोजना तथा उप आयोजना मार्फत जिल्लाका विभिन्न ठाँउमा २७ वटा कुलो निर्माण | कृषि योग्य भुमीमा सिंचाईको थप उपलब्धता |

## ५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | सुधारका लागि संचालित कार्यक्रम | हासिल उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | करिव २६००० | समुदाय स्वास्थ्य इकाई स्थापना, गाउँघर क्लिनिक संचालन | सेवाग्राहीको संख्यामा वृद्धि |
| ५ वर्ष मुनीका बालबालिकाको संख्या | २५७७३ | समुदायमा आधारित वालरोगको एकिकृत व्यवस्थापन, खापसेवा, पोषण आदी । | वालमृत्युदरमा कमी |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनीका बालबालिको आधारमा) | ५६५९ | पूर्ण खोप अभियान संचालन | पूर्ण खोप युक्त गा.वि.स./न.पा. घोषणा भई सकेको |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ४३% | समुदाय स्तरमा गर्भवती भेला अभियान संचालन, प्रत्येक स्वास्थ्य संस्थाबाट प्रत्येक हप्ताको सोमवार र बिहिवार गर्भ जाँच गराउने बारे सूचना समुदाय स्तरमा प्रचार प्रसार | गर्भ जाँचमा वृद्धि |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको | २७१२ | बर्थिङ सेन्टरको संख्यामा वृद्धि, २४ घण्टा | संस्थागत सुत्केरी हुनेको |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | सुधारका लागि संचालित कार्यक्रम | हासिल उपलब्धि |
|---|---|---|---|
| संख्या | | प्रसूति सेवाको लागि प्रत्येक बर्थिङ सेन्टरमा करारमा अ.न.मी.को नियूक्ति | संख्यामा अत्याधिक वृद्धि |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिको संख्या | ० | | |
| हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ४००००० | समुदाय परिचालन,घुम्ति शिविर | सेवाग्राहीको संख्यामा वृद्धि । |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | १०० | अनौपचारिक प्राथमिक विद्यालय | पढ्ने अवसर पाएको |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ९५ प्रतिशत | वालविकास केन्द्रको कोटा वितरण | वालविकास शिक्षामा पहुँच बृद्धि भएको |
| प्राथमिक विद्यालयमा पँहुच नभएका सो उमेर समुहका बालबालिका संख्या/ प्रतिशत | २ प्रतिशत | अनौपचारिक प्राथमिक विद्यालय | पहुँचमा बृद्धि भएको |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ९६ प्रतिशत | अनिवार्य निशुल्क आधारभूत शिक्षा कार्यक्रम संचालन | पहुँचमा बृद्धि भएको |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने | ५।४।९५ प्रतिशत | भर्ना अभियान, दिवा खाजा | पहुँचमा बृद्धि भएको |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | सुधारका लागि संचालित कार्यक्रम | हासिल उपलब्धि |
|---|---|---|---|
| कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | १०० प्रतिशत | शिक्षक पेशागत विकास तालिम | पहुँचमा बृद्धि भएको |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ६० जना | नयाँ कक्षा कोठाहरुको निर्माण | कक्षा कोठा संख्या वृद्धि भएको |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय संख्या | | | ९ वटा थप |
| दलित बालबालिकाको शिक्षामा पहुच | ९६ प्रतिशत | भर्ना अभियान, छात्रवृत्ति र दिवा खाजा | भर्नादर बढेको |
| **खानेपानी तथा सरसफाई** | | | |
| पाइपबाट खानेपानी पुगेको परिवार संख्या प्रतिशत | ८३.०४ | खानेपानी आयोजना संचालनमा वृद्धि सरसफाई अभियान | |
| सौचालय भएको संख्या वा प्रतिशत | ९६.०६ | खुल्ला दिशामुक्त क्षेत्र घोषणा पछि पक्की सौचालन निर्माण कार्यक्रम अगाडि बढाइएको | |
| खानेपानी र चर्पी उपलब्ध भएको विद्यालय र छात्रछात्राका लागि अलग अलग सौचालय भएको विद्यालय संख्या | ३९४ | | |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | सुधारका लागि संचालित कार्यक्रम | हासिल उपलब्धि |
|---|---|---|---|
| सुधारिएको चुलो भएको परिवार संख्या | | उर्जा विकास लगायत वातावरण संरक्षण संवन्धि कार्यक्रम तथा योजना संचालन | |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको प्रतिशत | ३३ | बलविवाह विरुद्धका तालिम संचालन, नियन्त्रणा प्रयास | घटेको |
| सामाजिक बिकृति, विसंगति | बलबिवाह, बालश्रम, बालबालिकामाथि हिंसा, महिला हिंसा, यौन शोषण, घरेलु हिंसा, मादक पदार्थ सेवन | विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गरिएका | सामाजिक विकृति र विसंगति घट्दै गएको । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | ●जेष्ठ नागरिक (दलित) महिला १८२५ र पुरुष १५९३ गरी कूल ३४१८<br>●जेष्ठ नागरिक (अन्य) महिला २८९१ र पुरुष २०१९ गरी कूल ४९१०<br>●एकल महिला (६० वर्ष माथिका) ३४१८<br>●एकल महिला (६० वर्ष मुनिका) २८२२ | ● सुचना संकलनमा सामाजिक परिचालक लगायत गा.वि.स. कर्मचारी परिचालन गरिएको | ●परिचय पत्र प्राप्त गर्न सफल भएका<br>●सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनका लागि सम्वन्धित |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | सुधारका लागि संचालित कार्यक्रम | हासिल उपलब्धि |
|---|---|---|---|
| | ●पूर्ण अपांगता भएका महिला ७३ पुरुष ७७ गरी कूल १५०<br>●आंशिक अपांगता भएका महिला ३१ पुरुष ३६ गरी कूल ६७<br>●लोपोन्मुख आदिवासी जनजाति महिला १९ र पुरुष १५ गरी ३४<br>●वाल संरक्षण अनुदान प्राप्त गर्ने बालिका २६२८ र बालक ३१९४ गरी जम्मा ५८२२ | | निकायलाई सिफारिस गर्ने गरिएको |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बालश्रमको अवस्था | जनगणना २०६८ अनुसार ७२ जना | जिल्लाका प्रमुख व्यापारिक केन्द्र विजुवार,जुम्री र बागदुलाका होटेलमा बाल श्रमिकहरुको अनुगमन, बालश्रम विरुद्ध प्रचार प्रसार | बालश्रमको अवस्था |
